**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२३८

मिति २०८०/१२/१४

समयः बिहान ११:०० बजे

प्रारम्भः बिहान ११:०० बजे

अन्त्यः दिनको १२:१५ बजे

<u>छलफल तथा निर्णय</u> :-

समितिको आज मिति २०८०/१२/१४ गते बुधबार बसेको बैठकमा मिति २०८०/०४/२३ गते बसेको बैठकबाट पारित आ.व. २०८०/८१ मा समितिको काम कारकारवाहीलाई व्यवस्थित, प्रभावकारी बनाउन तयार गरिएको समितिको वार्षिक कार्ययोजना राष्ट्रिय सभा नियमावली, २०७५ को दोस्रो संशोधन पश्चात थप कार्यक्षेत्र समेतलाई समेटी तयार गरिएको यस आ.व. को संशोधित वार्षिक कार्ययोजना मस्यौदा माथि छलफल भई देहाय बमोजिमको समितिको कार्ययोजना पारित भयोः-

| क्र.सं. | कार्यक्रम | विधि/ प्रक्रिया | स्थान | श्रोत | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित नतिजा | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | <u>तहगत राज्य संरचनाको विकासमा समन्वय</u><br>क. संविधानद्धारा निर्दिष्ट गरिएका समन्वयकारी संरचनालाई क्रियाशील बनाई नियमित सम्बाद गरी बैठक आयोजना गर्न लगाउने । | छलफल र<br>अन्तरक्रिया | सहजताको आधारमा तय गरिने | संसद सचिवालय र अन्य | २०८० असोज मसान्तसम्ममा पहिलो बैठक र निरन्तर | समिति | प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय | तहगत राज्य संरचनामा सबलीकरण | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ख. संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय कायम गर्न भइरहेको कानूनी, नीतिगत र संरचनागत संयन्त्रको समग्र नक्शाङ्कन गरी कानूनी संरचना तर्जुमा वा परिमार्जन गर्ने । | उपसमितिद्धारा अध्ययन गर्ने | काठमाडौं | संसद सचिवालय र अन्य | २०८० साल असोज पहिलो हप्तासम्म कार्यदल गठन र पुष मसान्तभित्र प्रतिवेदन लिने | समिति र प्रधानमन्त्रि तथा मन्त्रिपरिषद को कार्यालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | तहगत राज्य संरचनाविच समन्वय कायम हुने | |
| | ग. सातै प्रदेशका मुख्य मन्त्रीसँग संघीय प्रणालीको सवलीकरण,<br>तहगत सरकार र अन्तरमन्त्रालयबीच समन्वय तथा कार्यगत एकता, तहगत राज्यसंरचनाबीच सहकार्य र समन्वय (नीति कानून योजना र बजेट) सम्बन्धमा अन्तरकृया | छलफल र अन्तरक्रिया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बद्ध निकायलाई सक्रियता र कार्यतत्परत देखाउन सहज वातावरण बन्ने | |
| | घ. सातै प्रदेशका सभामुख,उपसभामुख, सदस्य र स्थानिय तहका जनप्रतिनिधिसँग<br>छलफल। | छलफल र अन्तरक्रिया | सातै प्रदेशमा | संसद सचिवालय र अन्य | २०८० असोज मसान्तसम्म | समिति | प्रदेश सभा सचिवालय र स्थानीय तह | सम्बद्ध निकायलाई सक्रियता र कार्यतत्परता देखाउन सहज वातावरण बन्ने, तहगत अन्तरसम्बन्ध र समन्वय कायम हुने | |
| | ङ. कर्मचारी समायोजन कानूनअनुसार समायोजन भएका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा देखिएको समस्या समाधान सम्बन्धमा सम्बन्धित निकायसँग छलफल गरी आवश्यक निर्देशन दिने । | छलफल र अन्तरक्रिया | काठमाण्डौ | संसद सचिवालय र अन्य | २०८० भदौ मसान्तसम्म | समिति | संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय | कर्मचारी समायोजन सम्बन्धी ऐन,२०७५ को प्रभावकारी कार्यान्वयन र कर्मचारी व्यवस्थापन हुने र संघीय निजामती सेवा ऐन जारी गर्न निर्देशन हुने | |
| | च. लैङ्गिक समानता तथा मूलप्रवाहीकरणका लागि संघ प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गरेको लैङ्गिक उतरदायी बजेटका सवल तथा कमजोर पक्षको अध्ययन गरी नीतिगत सुधार सम्बन्धमा सम्बन्धित निकायसँग अन्तरकृया तथा छलफल गर्ने । | छलफल र अन्तरकृया | काठमाण्डौ | संसद सचिवालय र अन्य | २०८० माघ/फाल्गुन मसान्तसम्म | समिति | अर्थ मन्त्रालय<br>राष्ट्रिय योजना आयोग | कुल बजेटमा लैङ्गिक उतरदायी बजेटको हिस्सा बढोतरी भई लैङ्गिक समानता कायम हुने । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छ. संघ, प्रदेश र स्थानीय तहबिच योजना निर्माणमा समन्वय र प्राथमिकता निर्धारण सम्बन्धमा तहगत सरकारका प्रतिनिधि, योजना आयोग र विशेषज्ञहरुसँग छलफल र अन्तरकृया कार्यक्रमको आयोजना गर्ने र सम्बन्धीत निकायलाई आवश्यक निर्देशन दिने । | छलफल/अन्तरक्रिया | काठ्माण्डौं | संसद सचिवालय र अन्य | २०८० मंसिर दोस्रो हप्तासम्म | समिति | राष्ट्रिय योजना आयोग, मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, विषय विज्ञ, प्राकृतिक श्रोत तथा वित्त आयोग र गाउँपालिका महासँघ तथा नगरपालिका महासँघ | योजना छनौटमा सहजीकरण भई योजनामा दोहोरोपन नपर्ने गरी तहगत रुपमा योजना तर्जुमामा सामन्जस्यता कायम गर्न सहज हुने र ऐन कानूनको निर्माण र कार्यान्वयनमा प्रभावकारिता एकरुपता कायम गर्न सहयोग पुग्ने | |
| २ | राष्ट्रिय सम्पदा<br>क. सम्पदा पर्यटन (आन्तरिक बाह्य) लाई अभियानको रूपमा सञ्चालन सम्बन्धमा छलफल गर्ने । | सम्बद्ध पक्षसँग अन्तरकृया | काठमाडौं | संसद सचिवालय र अन्य | २०८१ वैशाख चौथो हप्तासम्म | समिति | नेपाल सरकार संस्कृति,पर्यटन तथा ना.उ.मन्त्रालय र अन्य निकाय | सम्पदाको संरक्षण लगायत राष्ट्रिय आयमा योगदान | |
| | ख. सम्पदा क्षेत्र वरपरका बफरजोन र स्थानीय जनताको सरोकारको विषयमा सरोकार पक्ष र निकायसँग छलफल अन्तरकृया | स्थलगत अध्ययन | सम्बद्ध क्षेत्रहरु | संसद सचिवालय र अन्य | २०८०सालको तेस्रो हप्ता असोज | समिति | नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र सरोकारवाला निकायहरु | सम्पदा र बफर जोनबीचका समस्या समाधान गर्न पहल हुने | |
| | ग. राष्ट्रिय सम्पदा र संस्कृतिको संरक्षण र सम्बर्धनमा भएका सरकारी प्रयासहरुका सम्बन्धमा छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने र सम्बन्धीत निकायलाई आवश्यक निर्देशन दिने । | छलफल /अन्तरक्रिया | काठमाडौं | संसद सचिवालय | २०८० चैत्र चौथो हप्तासम्म | समिति | संस्कृति पर्यटन तथा ना.उ. मन्त्रालय,प्रज्ञा प्रतिष्ठान, लेखक/ साहित्यकार, कलाकार, चलचित्र संघ | राष्ट्रिय सम्पदा र संस्कृतिको संरक्षण र सम्बर्धनमा योगदान पुग्ने | |
| | घ. भौतिक तथा अभौतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धनका लागि अभिलेख व्यवस्थापन सम्बन्धमा सम्बन्धित निकायसँग छलफल गर्ने । | छलफल /अन्तरक्रिया | काठमाडौं | संसद सचिवालय | २०८१ वैशाख चौथो हप्तासम्म | समिति | संस्कृति पर्यटन तथा ना.उ. मन्त्रालय तथा राष्ट्रिय अभिलेखालय | भौतिक तथा अभौतिक सम्पदाको संरक्षणका लागि अभिलेख व्यवस्थापन प्रभावकारी हुने । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | <u>मानव अधिकार तथा परराष्ट्र सम्बन्ध</u><br>क. मानव अधिकार आयोगका निर्णय कार्यान्वयनमा भएका चुनौती र समाधान विषयक अन्तरकृया | सम्बद्ध निकाय र पक्षबीच अन्तरकृया | काठमाडौं | संसद सचिवालय र अन्य | २०८१ चैत्र चौथो हप्तासम्म | समिति | प्रधानमन्त्रि तथा मन्त्रीपरिषको कार्यालय, कानून, न्याय तथा संसदीय मामिला, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार आयोगका निर्णय कार्यान्वयनमा सहजता | |
| | ख. शान्ति प्रकृया, संक्रमणकालीन न्याय (सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता आयोग) मा भएको ढिलाई | सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता आयोगसँग नियमित छलफल | काठमाडौं | संसद सचिवालय र अन्य | २०८१ चैत्र मसान्तसम्म | समिति | प्रधानमन्त्रि तथा मन्त्रीपरिषको कार्यालय, कानून, न्याय तथा संसदीय मामिला, गृह मन्त्रालय, सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता आयोग | संक्रमणकालीन न्यायमा भएको ढिलाई अन्त्य भई द्धन्द्ध पिडितले न्याय पाउने | |
| | ग. नेपालको परराष्ट्र नीतिको Fault lines पहिचान गरी आवश्यक निर्देशन जारी गर्ने | राष्ट्रिय सम्बाद (National Dialogue) | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | परराष्ट्र मन्त्रालय, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान, कुटनीतिज्ञहरु | परराष्ट्र सम्बन्धमा देखिएका चुनौती सामना गर्न सहज | |
| | घ. दक्षिण एशिया र हिन्द प्रशान्त (Indo-Pacific) क्षेत्रमा शक्ति समूह (Power blocs) र शक्ति राष्ट्रहरुको बढ्दो सक्रियताको सन्दर्भमा नेपालको परराष्ट्र नीतिको स्वरुप | छलफल+ अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | परराष्ट्र मन्त्रालय, परराष्ट्रविद, प्रधानमन्त्रि तथा मन्त्रीपरिषको कार्यालय, रक्षा मन्त्रालय | सन्तुलित परराष्ट्र सम्बन्ध विकासका लागि नीतिगत निकास सम्बन्धी तथ्यगत पहिचान हुने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ङ. नेपालका सौम्य शक्ति (soft power) र बाह्य तथा आन्तरिक शक्ति सन्तुलन सम्बन्धी समीक्षा | समीक्षा | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | परराष्ट्र मन्त्रालय, परराष्ट्रविद | नेपालको प्रतिस्पर्धात्मक लाभ (Competitive Advantage) | |
| | च. नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी सन्धि सम्झौताको पालना अवस्था सम्बन्धमा | छलफल+ अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | प्रधानमन्त्रि तथा मन्त्रीपरिषको कार्यालय, कानून, न्याय तथा संसदीय मामिला, गृह मन्त्रालय | नेपाल पक्ष भएको मानवअधिकार सम्बन्धि महासन्धीको कार्यान्वयनको अवस्था बारे समीक्षा भई कार्यान्वियनमा सहयोग पुग्ने | |
| | छ. परराष्ट्र मन्त्रालय अन्तर्गतको नेपाली राजदुतावास र विदेश स्थित नेपाली नियोगको कार्य सम्पादन तथा प्रभावकारिता सम्बन्धमा अध्ययन । | छलफल, अन्तरकृया र अनुगमन | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | परराष्ट्र मन्त्रालय | विद्यमान कुटनीतिक नियोगको कार्य सम्पादन, कार्य प्रभावकारीताको गुणस्तरियतामा वृद्धि | |
| | ज. नेपालमा मौलिक हक सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था सम्बन्धमा सम्बन्धित निकाय र सरोकारवालासंग छलफल तथा अन्तर्किया गरी आवश्यक निर्देशन दिने। | छलफल+ अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८० सालको फागुन दोस्रो हप्ता | समिति | प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय | मौलिक हकको कार्यान्वयनको अवस्था बारे समीक्षा भई प्रभावकारी कार्यान्वियनमा सहयोग पुग्ने | |
| | झ. राष्ट्रिय सुरक्षा र परराष्ट्र नीतिको साझा अवधारणा सम्बन्धी छलफल गर्ने । | छलफल+ अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८० सालको फागुन तेस्रो हप्तासम्म | समिति | राजनैतिक दल, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय | राष्ट्रिय सुरक्षा तथा परराष्ट्र नीति सम्बन्धमा राष्ट्रिय सहमति कायम हुने । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | समितिको बार्षिक प्रतिवेदन कार्यान्वयन अनुगमन एवं मुल्याङ्कन प्रतिवेदन तयार गरी समितिबाट पारित गरी राष्ट्रिय सभामा पेश गर्नुपर्ने ।<br>कार्य प्रारम्भ गर्ने | समितिमा सरोकारवाला निकायबाट प्राप्त विवरण, स्थलगत अनुगमनबाट प्राप्त तथ्य लगायत विज्ञबाट प्राप्त सुझाव र समितिमा छलफल | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | सरोकारवाला तथा निर्देशन दिईएका निकाय | संसद र संसदीय समितिको कामकारबाहीमा प्रभावकारीता आउने। | |
| ५ | <u>सन्धि संझौता कार्यान्वयनको अवस्था:</u><br>नेपालको सन्धि सम्झौताको वर्गीकरण गरी इन्भेन्ट्रि तयार गर्ने।<br>१. द्विपक्षीय<br>२. बहुपक्षीय<br>३. सक्रिय<br>४. निष्कृय<br>५. सान्दर्भिक<br>६. असान्दर्भिक<br>७. अनुपालन<br>८. गैरअनुपालन<br>९. Gaps and overlaps<br>१०. अग्रपथ | अध्ययन, अनुसन्धान, छलफल, अन्तरकृया, सेमिनार, गोष्ठी | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ सालको असार मसान्त | समिति | परराष्ट्र मन्त्रालय, परराष्ट्रविद, प्रधानमन्त्रि तथा मन्त्रीपरिषको कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | इन्भेन्ट्रिको आधारमा समितिका अग्रगामी निर्देशन जारी हुने | |
| ६ | <u>समन्यायिक विकासको अवस्था</u><br>क.मानव विकास सूचकाङकको आधारमा र २०७८ को राष्ट्रिय जनगणनाको आधारमा विभिन्न क्षेत्र र वर्गबीच भएको असमानताको दूरी कम गर्न राष्ट्रिय नीति तर्जुमा सम्बन्धी छलफल गरी असमानताको नक्शाङ्कन गर्ने । | अध्ययन, अनुसन्धान, छलफल, अन्तरकृया, गोष्ठी | काठमाडौं | संसद सचिवालय र अन्य | २०८० सालको फागुन महिना | समिति | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय योजना आयोग अन्य विषयगत मन्त्रालय | नक्शाङ्कनको आधारमा नेपाल सरकारलाई नीति तर्जुमा गर्न समितिले निर्देशन जारी गर्ने । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ख. समन्यायिक विकास सम्बन्धमा मौजुदा नीतिगत, कानूनी, संरचनागत तथा व्यवहारगत व्यवस्थाको अध्ययन गरि सम्बन्धीत निकायलाई आवश्यक निर्देशन दिने । | छलफल/ अन्तरक्रिया/ स्थलगत अनुगमन | काठमाडौं | संसद सचिवालय र अन्य | २०८० सालको चैत्र महिना | समिति | प्रधानमन्त्रि तथा मन्त्रीपरिषको कार्यालय, राष्ट्रिय योजना आयोग, | समन्यायिक विकासको विद्यमान अवस्था पहिचान भई आवश्यक निर्देशन जारी हुने । | |
| | ग. राजनैतीक तथा प्रशासनिक क्षेत्रमा विद्यमान समावेशी प्रणालीको प्रभाकारिता अध्ययन कार्य प्रारम्भ गर्ने | छलफल/ अन्तरक्रिया | काठमाडौं /सात प्रदेश | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | सरोकारवाला निकाय/ वर्ग/पक्ष | राज्यको संरचनामा हरेक वर्ग र समुदायको प्रतिनिधित्वको अभिवृद्धि हुने | |
| ७ | <u>पिछडिएको क्षेत्र समुदाय र संस्कृति</u><br>क.समानुपातिक समावेशीता सहितको थप अधिकारको लागि सम्बन्धित निकायसँग छलफल गर्ने | समीक्षा/ छलफल/ अन्तरक्रिया | काठमाडौं | संसद सचिवालय र अन्य | २०८० सालको चैत्र महिना दोस्रो हप्ता | समिति | सरोकारवाला निकाय/ वर्ग/पक्ष/ समाबेशी आयोग/ प्रधानमन्त्रि तथा म.प. को कार्यालय | पिछडिएको क्षेत्र तथा समुदायको सम्बर्द्धनको सम्बन्धमा रहेको Gaps and overlaps पहिचान भई नेपाल सरकारको नीति तथा कार्यक्रम परिमार्जन हुने | |
| | ख. पिछडिएको क्षेत्र र समुदायको आफ्नो धर्म, संस्कृति, भाषा, लिपि, परम्परागत कला, ज्ञान , सीप र दक्षता अभिवृद्धी सम्बन्धमा नेपाल सरकारको नीति तथा कार्यक्रमको समीक्षा साथै Gaps and overlaps को विश्लेषण | छलफल+ अन्तरकृया | काठमाडौं | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म | समिति | प्रधानमन्त्रि तथा म.प. को कार्यालय/राष्ट्रिय योजना आयोग/ सरोकारवाला निकाय/ वर्ग/पक्ष | पिछडीएको क्षेत्र समुदायको धर्म सँस्कृति, भाषा लिपिको संरक्षण भइ पहिचानमा आधारित समुदायको विकास हुनुका साथै उल्लेखित विषयमा राष्ट्रिय सहमतिको दस्तावेज तयार भई संघीय संसदबाट अनुमोदन भई लागू हुने | |
| ८. | <u>राष्ट्रिय सुरक्षा</u><br>क.राष्ट्रिय एकताको परिभाषा, प्रतिक, आधार जस्ता विषयमा राष्ट्रिय सहमति बनाउने | छलफल+ अन्तरकृया | काठमाडौं | संसद सचिवालय र अन्य | २०८१ सालको बैशाख महिना पहिलो हप्ता | समिति | राजनीतिक दल/ प्रधानमन्त्रि तथा म.प. को कार्यालय/रक्षा मन्त्रालय | राष्ट्रिय सचेतना अभिवृद्धि भई देशको आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली सुदृढ हुनुका साथै राष्ट्रिय एकताको सम्बन्धमा साझा अवधारणाको विकास हुने | |
| | ख.विद्यमान भू-राजनीतिक परिस्थितिमा नेपालको राष्ट्रिय सुरक्षाका चुनौतीको पहिचान गरी सुधार गर्ने | छलफल+ अन्तरकृया | काठमाणडौं | संसद सचिवालय र अन्य | २०८१ सालको बैशाख दोस्रो हप्ता | समिति | राजनीतिक दल/ प्रधानमन्त्रि तथा म.प. को कार्यालय/रक्षा मन्त्रालय/ गृह मन्त्रालय | राष्ट्रिय सुरक्षा नीति र त्यस सम्बन्धी कानूनको स्थितिको समीक्षा भई कार्यान्वयनमा प्रभावकारिता कायम गर्न सहयोग पुग्ने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ग. राष्ट्रिय सुरक्षा नीति र त्यस<br><br>सम्बन्धि कानूनको कार्यन्वयनको स्थितिका सम्बन्धमा सम्बन्धीत मन्त्रालय, विभाग, कार्यालय, परिषद् र विज्ञहरुसँग छलफल/ अन्तरकृया कार्यक्रमको आयोजना गर्ने | छलफल+ अन्तरकृया | काठमाडौं | संसद सचिवालय र अन्य | २०८० सालको असोज तेस्रो हप्ता | समिति | रक्षा मन्त्रालय+गृह मन्त्रालय | राष्ट्रिय सुरक्षा नीतिको समसामयिक परिमार्जन हुने । | |
| | घ.राष्ट्रिय सुरक्षाका विभिन्न आयामहरुमध्य खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, सीमा सुरक्षा, यातायात सुरक्षा तथा सम्पतिको हकको सुरक्षा सम्बन्धमा सम्बन्धित निकायसँग छलफल तथा अन्तरकृया गर्ने तथा स्वास्थ्य विमा तथा जलस्रोत उपयोग सम्बन्धमा अन्तरकृया गर्ने । | छलफल+ अन्तरकृया | काठमाडौं | संसद सचिवालय र अन्य | २०८० सालको असोज मसान्तसम्म | समिति | कृषि तथा पशुपन्छि विकास मन्त्रालय+गृह मन्त्रालय+स्वास्थ्य मन्त्रालय+भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | समग्र राष्ट्रिय सुरक्षा प्रणालीको विकास तथा सुदृढीकरण हुने । | |
| ९ | <u>संवैधानिक आयोग</u><br>क. संविधानको धारा २६५ अनुसार संवैधानिक आयोगको पुनरावलोकन | अध्ययन कार्यदल गठन | काठमाडौं | संसद सचिवालय र अन्य | २०८१ जेठ मसान्तसम्म | समिति | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ विज्ञ | पुनरावलोकन प्रतिवेदनको आधार अनुसार पुनर्संरचना सिफारिस गरिने | |
| १० | <u>राष्ट्रिय गौरवका आयोजना</u><br>क. राष्ट्रिय गौरवका आयोजनाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका साझा समस्या न्युनिकरणका लागि आयोजनाको स्थलगत अनुगमन वस्तुनिष्ठ बनाउन आयोजना अनुगमन चेकलिस्ट तयार गर्ने। | छलफल/ अन्तरकृया/स्थलगत अनुगमन | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८० सालको भदौ मसान्त | समिति | राष्ट्रिय योजना आयोग/विज्ञ | राष्ट्रिय गौरवका आयोजनाको स्थलगत अनुगमन व्यवस्थित ताथ वस्तुनिष्ठ भई औचित्यपूर्ण अनुगमन पद्धतिको विकास भई आयोजना सञ्चालन सम्बन्धमा देखिएका समस्या तत्काल समाधान गर्न तथ्यगत आधार तयार हुने । | |
| | ख. आयोजना संचालनको सन्दर्भमा जल जमिन र जंगल क्षेत्रमा देखिएका समस्या समाधान। | छलफल/ अन्तरकृया/अध्ययन | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ को सालको बैशाख/ जेठ महिना | समिति | राष्ट्रिय योजना आयोग / विज्ञ/वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय गौरवका आयोजना सम्बन्धी देखिएका नीतिगत र व्यवहारगत समस्यामा सुधार हुने । | |
| | ग. राष्ट्रिय गौरवका आयोजनाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका साझा समस्या | छलफल तथा अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | निरन्तर | समिति | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको | राष्ट्रिय गौरवका आयोजना सन्चालन तथा व्यवस्थापन सम्बन्धमा साझा समस्या | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | न्युनिकरणका लागि सम्बन्धित निकायसँग छलफल गर्ने | | | | | | कार्यालय/राष्ट्रिय योजना आयोग /वन तथा वातावरण मन्त्रालय/ विज्ञ | पहिचान भई आयोजना व्यवस्थापन निकायगत तथा नितिगत समन्वयको वातावरण निर्माण हुने। | |
| | घ. राष्ट्रिय गौरवका आयोजना सम्बन्धी छुट्टै ऐन निर्माणको लागि छलफल गर्ने । | छलफल/ अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८० सालको भदौ असोज | समिति | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय राष्ट्रिय योजना आयोग | राष्ट्रिय गौरवका आयोजना सन्चालन तथा व्यवस्थापन सम्बन्धमा एकरुपता भई आयोजना सञ्चालनमा देखिएका समस्या कटौती हुने। | |
| ११ | **<u>अन्य विषय</u>**<br>क. समितिको हालसम्मको कार्यसम्पादन, सदस्यहरुको अनुभवर विषयविज्ञका लेखसमेत समावेस गरी पुस्तक प्रकाशन गर्ने । | प्रकाशन कार्यदल गठन गर्ने । | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८० मंसिर मसान्तसम्म | समिति | समिति सचिवालय | पुस्तक प्रकाशन हुने । | |
| | ख. उपसमितिका अध्ययन प्रतिवेदनमाथि छलफल र सरकारलाई निर्देशन | अध्ययन/ छलफल | सहजताको आधारमा तय गरिने | संसद सचिवालय र अन्य | २०८० मंसिर मसान्तसम्म | समिति | समिति सचिवालय | उपसमितिहरुको अध्ययन प्रतिवेदनका सिफारिसहरु निर्देशनका रुपमा जारी हुने। | |
| | ग. समितिका निर्देशन कार्यान्वयन नभएको विषय र समितिले पहिचान गरेका समसामयिक सवालहरुमा प्रधानमन्त्रिसँग छलफल र ध्यानाकर्षण गर्ने । | छलफल | समिति | संसद सचिवालय र अन्य | २०८० साउन भदौ भित्र | समिति | प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | सरकारको ध्यानाकर्षण हुने । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घ. सम्पदा, बफरजोनक्षेत्रको स्थलगत अनुगमन (सगरमाथा राष्ट्रिय निकुन्ज, चितवन राष्ट्रिय निकुन्ज, कोशिटप्पु राष्ट्रिय निकुन्ज) | स्थलगत अनुगमन | सम्बद्ध क्षेत्र | संसद सचिवालय र अन्य | २०८० असोज/ कार्तिक भित्र | समिति | वन तथा वातावरण मन्त्रालय तथा संस्कृति पर्यटन तथा नागरिक उडडयन मन्त्रालय | वफर जोनक्षेत्रका समस्या पहिचान भई समाधान हुने । | |
| | ङ. कालिगण्डकी कोरिडोर, लुम्बिनि क्षेत्र विकास कोष, विधुत प्रसारण आयोजना र बुढीगण्डकी आयोजनाको स्थलगत अनुगमन गर्ने । | स्थलगत अनुगमन | सम्बद्ध क्षेत्र | संसद सचिवालय र अन्य | २०८१ वैशाख मसान्तसम्म | समिति | सम्बन्धित मन्त्रालय | आयोजनागत समस्या पहिचान भई सम्बन्धित निकायलाई निर्देशन दिने । | |
| | च. संघीय शासन प्रणालीमा तहगत राज्य संरचनाको विकासमा समन्वय अवस्था अध्ययन, विधायीका सञ्चालन तथा व्यवस्थापन प्रणाली सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन अवलोकन गर्ने । | अध्ययन भ्रमण | स्वदेश/ विदेश | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तसम्म) | समिति | सम्बन्धित मन्त्रालय/अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था | समितिका माननीय सदस्य समिति सचिवालयको क्षमता अभिवृद्धि हुने तथा अन्तराष्ट्रिय अनुभव आदान प्रदान हुने | |
| | च. समसामयिक विषय/ सवालमा सरकारको कामकारवाहीको निरन्तर अनुगमन/ निगरानी गर्ने । | छलफल/अन्तरकृया | काठमाण्डौ | संसद सचिवालय र अन्य | निरन्तर | समिति | सम्बन्धित मन्त्रालय | सरकारको कामकारवाहीको प्रभावकारिता सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिने । | |
| १२ | समितिको कार्यसम्पादन प्रभावकारिता विषयक आवासीय अन्तर्क्रिया कार्यक्र | समिक्षा/छलफल/ अन्तरकृया | काठमाण्डौ | संसद सचिवालय र अन्य | २०८१ साल जेठ/असार मसान्तसम्म | समिति | समिति सचिवालय र अन्य | समितिको काम कारवाहीको प्रभावकारिता आउनमा सहयोग हुने । | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन तयारी। | छलफल/ अन्तर्क्रिया | काठमाण्डौ | संसद सचिवालय र अन्य | २०८० भदौ मसान्तसम्म | समिति | समिति सचिवालय | वार्षिक प्रतिवेदन समयमा तयार भई सभामा पेश र पारित हुने। | |

संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

| क्र.सं. | कार्यक्रम | विधि/प्रकृया | स्थान | स्रोत | समय अवधि | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको कार्यक्षेत्र अन्तर्गतका विषयवस्तुको सम्बन्धमा सैद्धान्तिक, व्यवहारिक अवधारणा, सिद्धान्त, समस्या, चुनौती, समाधानका उपाय लगायतका विविध पक्षको बारेमा सम्बन्धित विषयविज्ञसँग अन्तरकृया तथा छलफल | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | सम्वत् २०८० चैत्र अन्तिम हप्तासम्म | समिति | विषयविज्ञ | समितिको कार्यक्षेत्र अन्तर्गतका विषयवस्तुको सम्बन्धमा सैद्धान्तिक तथा व्यवहारिक जानकारी प्राप्त हुने |
| २ | आगामी आ.व. २०८१।८२ को बजेट अन्तर्गत संघले प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने वितीय हस्तान्तरण अन्तर्गतको अनुदान वितरणमा अवलम्बन गरिएका आधार र उक्त आधार समयानूकुल पुनरावलोकन गर्न अवलम्वन गर्नुपर्ने विस्तृत सुधारका सम्बन्धमा अर्थमन्त्रालयसँग अन्तरकृया र छलफल | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८० चैत्र अन्तिम हप्तासम्म | समिति | अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित आयोग | चालु आव को बजेट कार्यान्वयन अवस्था को विश्लेषण भई आगामी आ.व २०८१/८२ को बजेट तर्जुमा गर्दा समेटिनुपर्ने विषय सम्बन्धमा नेपाल सरकारलाई दिनुपर्ने नीतिगत तथा व्यवस्थापकीय निर्देशन सम्बन्धमा समिति स्पष्ट हुने । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | समितिले नमुनाको रुपमा ३ वटा संरक्षित क्षेत्रको स्थलगत अनुगमन, स्थानिय सरोकारवाला, विज्ञ लगायत समुदायमा आधारित स्थानीयहरुको प्रतिनिधित्व रहेको संरक्षण सँग सम्बन्धित विविध समितिसँग छलफल गरी तयार गरिएको मानव र वन्यजन्तुबीचको द्धन्द्ध सम्बन्धी अध्ययन प्रतिवेदन २०८०कार्यान्वयन प्रभावकारिताको लागि सम्बन्धित निकायसँग छलफल र अन्तरकृया | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१वैशाख पहिलो हप्ता | समिति | वन तथा वातावरण मन्त्रालय | मानव र वन्यजन्तुबीचको द्धन्द्ध सम्बन्धी अध्ययन प्रतिवेदन २०८० मार्फत नेपाल सरकारलाई दिएका सुझावहरु कार्यान्वयन भई संरक्षित क्षेत्र लगायत अन्तरसम्बन्धित विषयमा देखिएका अन्तरसम्बन्धित समस्या समाधान भई अन्तरनिकायगत समन्वयको समस्या समेतको समाधान हुने । |
| ४ | संघीयताको विभिन्न आयाम मध्य राजनीतिक, प्रशासनिक र वित्तिय पक्षलाई मुख्य केन्द्रविन्दु वनाई सो सम्बन्धमा हालसम्म भएका कार्य उपलब्धी, समस्या र आगामी दिनमा चाल्नुपर्ने कदमको बारेमा विषयविज्ञसँग अन्तरकृया र छलफल | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१वैशाख पहिलो हप्ता | समिति | विषय विज्ञ | संघीयता कार्यान्वयनको समग्र अवस्थाको बारेमा जानकारी प्राप्त हुने । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | नेपालको विविध भौगोलिक क्षेत्रमा पाईने विभिन्न प्रकृतिको प्राकृतिक स्रोतको उपयोग, कर निर्धारण, प्राकृतिक स्रोतबाट प्राप्त प्रतिफल बाँडफाँड सम्बन्धमा तहगत सरकारको अधिकारक्षेत्र, तहगत सरकारको अधिकारक्षेत्रबीच देखिएको दोहोरोपना तथा अन्तरतहगत द्वन्द, एउटै सरकार अन्तर्गत रहेका विभिन्न निकायबीच रहेको अन्तरनिकायगत द्वन्द्ध सम्बन्धमा सम्बन्धित निकायसँग अन्तरकृया र छलफल | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ वैशाख दोस्रो हप्ता | समिति | अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित आयोग, राष्ट्रिय योजना आयोग र आवश्यकता अनुसार अन्य विषयगत मन्त्रालय | राष्ट्रिय प्राकृतिक स्रोतको सम्बन्धमा विधमान समस्या र भावि सम्भाव्यता सम्बन्धमा जानकारी प्राप्त भई राष्ट्रिय स्रोत व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई निर्देशन हुने । |
| ६ | साविकको राष्ट्रिय सरोकार तथा समन्वय समितिले अध्ययन गरी सभा समक्ष पेश गरेको राष्ट्रिय गौरवका आयोजना अध्ययन प्रतिवेदनको सिफारिस कार्यान्वयन सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग छलफल गर्ने | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | २०८१ वैशाख तेस्रो हप्ता | समिति | सम्बन्धित विषयगत मन्त्रालय लगायत राष्ट्रिय योजना आयोग | विगतको अध्ययन प्रतिवेदनको सिफारिस कार्यन्वयन सम्बन्धमा निरन्तर निगरानी भई सम्बन्धित मन्त्रालय जिम्मेवारी प्रति जवाफदेही हुने । |
| ७ | नेपालको संविधानद्धारा स्थापित संवैधानिक निकायद्धारा सम्पादित कार्यकारी प्रकृतिको कार्यहरुको प्रभावकारिता, संवैधानिक निकायलाई प्रत्यायोजन गरेको स्वायतताको सीमा र संवैधानिक निकायको तटस्थता र निष्पक्षता कायम गर्न आगामी दिनमा पालना गर्नुपर्ने रणनीतिको सम्बन्धमा विषय विज्ञ र | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | जेठ पहिलो हप्तासम्म | समिति | संवैधानिक निकाय र विषय विज्ञ | नेपालको सार्वजनिक सेवामा कार्यरत सैवैधानिक निकायको कार्य अवस्थाको बारेमा जानकारी प्राप्त हुने । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संवैधानिक निकायसँग अन्तरकृया र छलफल । | | | | | | | |
| ८ | प्राकृतिक तथा मानवद्धारा सिर्जित प्रकोप तथा विपद व्यवस्थापनका विभिन्न चरणमा गर्नुपर्ने कार्यको सम्बन्धमा नेपाल सरकारको पूर्व तयारी सम्बन्धमा सम्बन्धित निकायसँग अन्तरकृया | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | चैत्र अन्तिम हप्तासम्म | समिति | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्राकृतिक तथा कृत्रिम विपद जोखिम न्यूनीकरणको लागि सरकारले प्रतिरोधात्मक क्षमता विकास संयन्त्रमा लगानी गर्न प्रेरित हुने । |
| ९ | सुरक्षित मर्यादित तथा व्यवस्थित वैदेशिक रोजगारको लागि नेपाल सरकारबाट भएका नीतिगत कानूनी तथा संरचनागत प्रयास, विधमान सन्दर्भमा देखिएका समस्या, चुनौती र सम्भाव्यता सम्बन्धमा लिखित जवाफ माग गरी मन्त्रालयको पदाधिकारीसँग समेत अन्तरकृया तथा छलफल गर्ने | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | जेठ दोस्रो हप्तासम्म | समिति | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालय | सुरक्षित मर्यादित तथा व्यवस्थित वैदेशिक रोजगारको सुनिश्चत भई कुल ग्रार्हस्थ उत्पादनमा विप्रेषणको योगदानमा अभिवृद्धि हुने । |
| १० | स्वदेशमा नै रोजगार सुनिश्चित गर्ने वातावरण निर्माणको लागि नेपाल सरकारबाट भएका प्रयास, समस्या र सुधारका उपाय लगायत श्रम क्षेत्रमा श्रमिक वर्गले भोगेका समस्या सम्बन्धमा सम्बन्धित निकायसँग अन्तरकृया तथा छलफल | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | जेठ दोस्रो हप्तासम्म | समिति | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र विषय विज्ञ | स्वदेशमा नै रोजगारीको वातावरण बनी वेरोजगारीको अन्त्य हुने । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | सामाजिक न्यायको एक हिस्साको रुपमा रहेको सामाजिक सुरक्षा कार्यक्रममा देखिएको दोहोरोपना, राष्ट्रिय स्रोतको दुरुपयोग न्यूनीकरण गर्न छरिएर रहेका विविध सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गर्ने सम्बन्धमा नेपाल सरकारको तयारी सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग अन्तरकृया र छलफल | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | जेठ दोस्रो हप्तासम्म | समिति | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र विषय विज्ञ | हाल विधमान विभिन्न सामाजिक सुरक्षा कार्यक्रमको यथार्थ लगत संकलन भई नीतिगत निर्देशन दिन सहज हुने । |
| १२ | संघीय लोकतान्त्रिक गणतन्त्तात्मक संसदीय शासन प्रणाली सहितको नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी अधिकार बाँडफाँडमा तहगत सरकारबीचको समन्वयमा देखिएको समस्या, शिक्षा प्रशासनलाई सुदृढीकरण गर्न नेपाल सरकारको हालको कार्ययोजना लगायत सार्वजनिक तथा निजी शैक्षिक संस्थाको शैक्षिक गुणस्तर बढोतरी गर्न अवलम्वन भएका नियन्त्रणमूलक नियमन कार्य आदि विषयमा केन्द्रित भई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सँग अन्तरकृया | छलफल र अन्तरकृया | काठमाण्डौं | संसद सचिवालय र अन्य | वैशाख पहिलो हप्तासम्म | समिति | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षाविद | समग्र शिक्षा प्रणालीमा देखिएको वेथिति तथा अनियमितता नियन्त्रण सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण भई शैक्षिक गतिविधिमा सुधार हुने । |
| १३ | जनताको आधारभूत आवश्यकताको रुपमा रहेको स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउने मुख्य जिम्मेवारी रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले चालु आवमा सम्पादन गरेका मुख्य मुख्य कार्यहरु र उपलब्धि सम्बन्धमा मन्त्रालयसँग अन्तरकृया र छलफल । | अध्ययन/छलफल | काठमाण्डौं | संसद सचिवालय र अन्य | जेठ अन्तिम हप्तासम्म | समिति | समिति सचिवालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वार्षिक कार्य प्रगतिको बारेमा अधावधिक जानकारी प्राप्त हुने । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | संविधानले प्रत्याभूत गरेको उपभोक्ता सम्बन्धी हक अधिकारको व्यवहारिक कार्यन्वयन सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायहरुको कार्य प्रभावकारिता, चाड पर्वमा देखिएका मुल्य वृद्धि, अखाध पदार्थको मिश्रण, अप्रभावकारी बजार अनुगमन, नापतौल तथा गुणस्तरमा भएका कमीकमजोरी, कालोबजारी लगायत दैनिक उपभोग्य बस्तुको कृत्रिम अभाव जस्ता बजारीकरण तथा व्यापारिकसम्बन्धी समस्या सम्बन्धमा सम्बन्धित निकायसँग छलफल गर्ने | अन्तरकृया र छलफल | काठमाण्डौ | संसद सचिवालय र अन्य | असार पहिलो हप्तासम्म | समिति | उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय , उपभोक्ता हक हितसँग सम्बन्धित गैरसरकारी संघ संस्था | संविधान र संघीय कानूनले सुनिश्चित गरेका उपभोक्ता हक हितसँग सम्वन्धित अधिकार कार्यान्वयन भई मुल्य वृद्धि नियन्त्रण हुने । |
| १५ | समसामयिक विषय / सवालमा सरकारको कामकारवाहीको निरन्तर अनुगमन निगरानी गर्ने । | छलफल र अन्तरकृया | काठमाण्डौ | संसद सचिवालय र अन्य | निरन्तर | समिति | सम्बन्धित विषयगत मन्त्रालय | सरकारको कामकारवाहीको प्रभावकारिता सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिने |
| १६ | राष्ट्रिय सभा अन्तर्गत गठित संघीयता कार्यान्वयन अध्ययन अनुगमन विशेष समितिको अध्ययन प्रतिवेदन र साविकको राष्ट्रिय सरोकार तथा समन्वय समितिले ७ वटै प्रदेशमा आयोजना गरिएको तहगत अन्तरसम्बन्ध र समन्वय विषयक प्रादेशिक अन्तरकृया कार्यक्रमबाट प्राप्त निष्कर्ष र सुझाव सहितको तयार गरिएको तहगत अन्तरसम्बन्ध र | छलफल र अन्तरकृया | काठमाण्डौ | संसद सचिवालय र अन्य | २०८० असार अन्तिम हप्तासम्म | समिति | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय सभाको संघीयता कार्यान्वयन अध्ययन अनुगमन विशेष समिति र साविकको राष्ट्रिय सरोकार तथा समन्वय समितिबाट तयार गरिएको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समन्वय विषयक अध्ययन प्रतिवेदनका सिफारिस कार्यान्वयन सम्बन्धमा सम्बन्धित मन्त्रालयसँग अन्तरकृया तथा छलफल । | | | | | | | अध्ययन प्रतिवेदनका सिफारिस कार्यान्वनको निरन्तर follow up हुने । |
| १७ | आव २०८०।८१ को वार्षिक प्रतिवेदन तयारी | छलफल र अन्तरकृया | काठमाण्डौ | संसद सचिवालय र अन्य | २०८१ असार मसान्तबाट | समिति | समिति सचिवालय | वार्षिक प्रतिवेदन समयमा नै तयार भई सभा समक्ष पेश गर्न सकिने । |

नोटः कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमको अवस्थामा प्रभावित हुन सक्ने

- राष्ट्रिय सभाको वैठक
- संसदीय दलका वैठक तथा कार्यक्रम
- सम्बन्धित मन्त्रालयका मन्त्री, सचिव र विषय विज्ञहरुले समितिलाई दिने प्राथमिकता
- स्थलगत अनुगमन, अध्ययन, अवलोकनको लागि बजेटको उपलब्धता